श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## जिल्ला विकास समितिको गठन र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: देशको आर्थिक, सामाजिक र साँस्कृतिक विकासको लागि प्रत्येक जिल्लामा स्थानीय विकास कार्यक्रमहरू सञ्चालन गर्न तथा स्थानीय स्तरका विकास कार्यहरूको रेखदेख तथा समन्वय गर्न जिल्ला विकास समितिको गठन र व्यवस ा गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेकोछ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "जिल्ला विकास समिति ऐन, २०४७" रहेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रारम्भ भएको मितिले एक वर्षसम्म लागू रहनेछ ।

तर श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यो ऐनको अवधि अर्को एक वर्षसम्म बढाउन सक्नेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "जिल्ला" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कायम भएको जिल्ला सम्झनु पर्छ ।

(ख) "जिल्ला विकास समिति" भन्नाले दफा ३ बमोजिम गठित जिल्ला विकास समिति सम्झनु पर्छ ।

(ग) जिल्ला विकास समितिको सम्बन्धमा "सदस्य" भन्नाले जिल्ला विकास समितिका अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँछ ।

(घ) "सचिव" भन्नाले जिल्ला विकास समितिको सचिव सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम वा यस ऐन अन्तर्गत श्री ५ को सरकारले तोकिदिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## जिल्ला विकास समितिको गठन

३. जिल्ला विकास समितिको गठन: (१) प्रत्येक जिल्लामा स्थानीय विकास कार्यक्रमहरू सञ्चालन गर्ने तथा विभिन्न निकायहरूबाट सञ्चालन गरिने स्थानीय स्तरका विकास कार्यहरूको रेखदेख तथा समन्वय गर्ने जिल्ला विकास समिति गठन गरिनेछ ।

(२) जिल्ला विकास समितिमा अध्यक्ष र उपाध्यक्ष सहित श्री ५ को सरकारले तोकेको बढीमा एघार जना सदस्य रहनेछन् ।

(३) श्री ५ को सरकारले आवश्यक देखेमा जिल्ला विकास समितिका सदस्यहरूमा हेरफेर गर्न सक्नेछ ।

४. पद त्याग गर्न सकिने: जिल्ला विकास समितिको अध्यक्षले श्री ५ को सरकार समक्ष र उपाध्यक्ष तथा अन्य सदस्यहरूले अध्यक्ष समक्ष लिखित राजिनामा दिई पद त्याग गर्न सक्नेछन ।

९२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. जिल्ला विकास समिति संगठित संस्था हुनेः (१) जिल्ला विकास समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) जिल्ला विकास समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) जिल्ला विकास समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(४) जिल्ला विकास समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिश उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्नेछ ।

## परिच्छेद–३
## जिल्ला विकास समितिको बैठक र कार्य प्रणाली

६. जिल्ला विकास समितिको बैठकः (१) जिल्ला विकास समितिले अन्यथा निर्णय गरेमा बाहेक अध्यक्षले कम्तिमा महीनामा एक पटक जिल्ला विकास समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) जिल्ला विकास समितिको आधा भन्दा बढी सदस्यले बैठक बोलाई पाउँ भनी अध्यक्ष समक्ष लिखित माग गरेमा त्यसको सात दिन भित्र अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अध्यक्षले बैठक नबोलाएमा उपाध्यक्षले अर्को सात दिन भित्र जिल्ला विकास समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उपाध्यक्षले बैठक नबोलाएमा सचिवले सो म्याद नाघेको एक महीना भित्र जिल्ला विकास समितिको बैठक बोलाउन सक्नेछ ।

७. बैठकको गणपूरक संख्याः (१) जिल्ला विकास समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरू उपस्थित नभई जिल्ला विकास समितिको बैठक बस्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गणपूरक संख्या नपुगेको कारणले दोस्रो पटक बैठक बोलाउँदा पनि गणपूरक संख्या नपुगेमा तेस्रो पटक बैठक बोलाउँदा एक तिहाई सदस्यहरू उपस्थित भएपनि बैठक गर्न सकिनेछ ।

८. बैठकको अध्यक्षताः जिल्ला विकास समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. बैठकको निर्णयः (१) जिल्ला विकास समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट गरिनेछ ।

(२) बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुने छैन । तर बैठकमा मत बराबर भएमा निजले निर्णायक मत दिन सक्नेछ ।

१०. बैठक सम्बन्धी अन्य कार्य प्रणालीः जिल्ला विकास समितिको बठक सम्बन्धी अन्य कार्य प्रणाली जिल्ला विकास समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. पारिश्रमिक तथा बैठक भत्ताः (१) जिल्ला विकास समितिका अध्यक्ष र उपाध्यक्षले आफ्नो पदमा रही काम गरे वापत जिल्ला विकास समितिको कोषबाट तोकिए बमोजिम पारिश्रमिक पाउनेछन् ।

(२) जिल्ला विकास समितिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरूले जिल्ला विकास समितिको बैठकमा भाग लिए वापत जिल्ला विकास समितिको कोषबाट तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद– ४
## जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार

१२. जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकारः (१) अध्यक्ष वा निजले तोकिदिएको सदस्य वा सदस्यहरूको उप–समिति मार्फत आफ्नो जिल्ला भित्र देहाय बमोजिमका कामहरू गर्नु जिल्ला विकास समितिको कर्तव्य र अधिकार हुनेछः–

(क) स्वास्थ्य र सफाई, पानी निकासी, स्वच्छ पिउने पानी योजना, समाज कल्याण कार्य जस्तै दैवी प्रकोपबाट आएको दुर्घटनामा सहायता गर्ने ।

(ख) श्री ५ को सरकारको नीति र नियम बमोजिम रही सांस्कृतिक विकासको कार्य गर्ने ।

(ग) जिल्ला स्तरीय योजनाको कामहरू गर्ने र बन्जर जग्गालाई सार्वजनिक हितको लागि उपयोग गर्ने, खोला नालाबाट जमीनको बचाउ गर्ने ।

(घ) चिकित्साको प्रबन्ध गर्ने, महामारीको रोकथामको लागि औषधी उपचारको सहायता दिने, सरुवा रोगको र नसा लाग्ने चीजको रोकथाम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) आफ्नो अधिकारमा रहेका सडक, पुल, नल, ढल, इनार, खेरी बनाउने र मर्मत गर्ने ।

(च) जिल्ला विकास योजनाको तर्जुमा, कार्यान्वयन, रेखदेख, निरीक्षण तथा मूल्याङ्कन गर्ने ।

स्पष्टीकरणः जिल्ला विकास योजना भन्नाले श्री ५ को सरकारको तर्फबाट जिल्ला स्तरमा गरिने भनी तोकिएको सबै किसिमको विकास तथा निर्माण कार्यहरू र जिल्ला विकास समितिको आफ्नै स्रोत वा श्री ५ को सरकारबाट अनुदान प्राप्त गरी जिल्ला एवं गाउँ स्तरमा सञ्चालन गरिने विभिन्न प्रकारका विकास एवं निर्माण कार्यहरूको समष्टी रूपलाई जनाउँछ ।

(छ) आफ्नो क्षेत्रभित्रको गाउँ विकास समिति र नगरपालिकाको कामको रेखदेख र निरीक्षण गर्ने र आवश्यक देखेमा निर्देशन पनि दिने ।

(ज) जिल्ला विकासको लागि श्री ५ को सरकारबाट प्राप्त अनुदान विभिन्न गाउँ विकास समितिले स्वीकृत गरेका कार्यक्रमहरू सञ्चालन गर्न उपलब्ध गराउने ।

(झ) दुई वा दुई भन्दा बढी गाउँ विकास समिति वा नगरपालिकाको संयुक्त योजनालाई कार्यान्वित गर्ने गराउने ।

(ञ) विकास कार्यमा अभिरूचि पैदा गर्न र मनोरञ्जन समेतको लागि समय समयमा विकास प्रदर्शनी, किसान मेला आदि गर्ने ।

(२) यस ऐनमा लेखिए देखि बाहेक जिल्ला विकास समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५

## कर्मचारी सम्बन्धी

१३. सचिव : (१) स्थानीय विकास अधिकारी सम्बन्धित जिल्ला विकास समितिको सचिव हुनेछ र निजले अध्यक्षको सामान्य रेखदेखमा रही काम गर्नेछ ।

(२) सचिवलाई मद्दत गर्न श्री ५ को सरकारले एक जना सहायक कर्मचारी नियुक्त गर्न वा तोकिदिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै कारणले सचिवको पद रिक्त हुन आएमा वा जिल्ला विकास समितिको काममा सचिव उपस्थित हुन नसक्ने अवस्था पर्न आएमा उपदफा (२) बमोजिम नियुक्त वा तोकेको सहायक कर्मचारीले सचिवको काम गर्नेछ ।

१४. सचिवको कर्तव्य र अधिकार : (१) सचिवको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) जिल्ला विकास समतिको बैठक वा यस ऐन बमोजिम गठित अन्य समिति वा उप–समितिको बैठकमा पेश भएको प्रस्ताव र सो प्रस्ताव उपर भएको छलफल र निर्णयको अभिलेख राख्ने र त्यसको प्रतिलिपि सम्बन्धित सबै सदस्यहरूलाई पठाउने ।

(ख) जिल्ला विकास समितिको निर्णय अध्यक्षको सामान्य रेखदेखमा रही कार्यान्वयन गर्ने ।

(ग) जिल्ला विकास समितिले गर्ने विकासको काममा सल्लाह दिने र त्यस्तो कामको कार्यान्वयनमा सहयोग गर्ने ।

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई सुम्पिएको वा श्री ५ को सरकारले तोकिदिएको अन्य कर्तव्यको पालना गर्ने र अधिकारको प्रयोग गर्ने ।

(२) सचिवले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आफ्नो रेखदेखमा प्रयोग गर्ने गरी जिल्ला विकास समितिको अन्य कुनै कर्मचारीलाई सुम्पन र त्यसरी सुम्पेको अधिकार जुनसुकै बखत झिक्न सक्नेछ ।

१५. कर्मचारीहरूको नियुक्ति : (१) जिल्ला विकास समितिमा श्री ५ को सरकारले सामान्य वा विशेष रूपले स्वीकृत गरेको दरबन्दी बमोजिमका कर्मचारीहरू नियुक्त हुन सक्नेछन् ।

(२) उपदफा (१) को अधीनमा रही जिल्ला विकास समितिले आफ्नो कोषबाट व्यहोर्ने गरी नियुक्ति गर्ने कर्मचारीहरूको नियुक्ति, बढुवा, बर्खासी तथा सेवाको अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

(३) जिल्ला विकास समितिका सबै कर्मचारीहरू स्थानीय विकास अधिकारीको मातहतमा रहनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–६

## जिल्ला विकास समितिको कोष र सम्पत्ति

१६. जिल्ला विकास समितिको कोषः (१) जिल्ला विकास समितिको आफ्नो एउटा कोष हुनेछ ।

(२) जिल्ला विकास समितिको कोषमा देहायका रकमहरू आम्दानी बाँधिनेछनः–

(क) जिल्ला विकास समितिलाई श्री ५ को सरकारले हस्तान्तरण गरी दिएको सबै जिन्सी नगदी ।

(ख) यस ऐन बमोजिम जिल्ला विकास समितिले उठाएको कर, दस्तूर, फि, महशूल वा अरू कुनै रकम ।

(ग) श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाबाट प्राप्त दान, उपहार, चन्दा वा सहायता ।

(घ) श्री ५ को सरकारबाट निर्धारित भएको मालपोत तथा अन्य कर मध्येको रकम ।

(ङ) चल, अचल सम्पत्तिबाट उठेको आम्दानी ।

(च) जिल्ला विकास समितिद्वारा सञ्चालन गरिएको गुठीको आम्दानी ।

(छ) श्री ५ को सरकारद्वारा जिल्ला विकास समितिलाई विकास योजनाको निमित्त हस्तान्तरित गरिएको चल अचल सम्पत्ति ।

(ज) यस ऐन बमोजिम दण्ड जरिवानाबाट उठेको रकम ।

(झ) जिल्ला विकास समितिले सापट वा कर्जा लिएको रकम ।

(ञ) जिल्ला विकास समितिद्वारा दिइएको ठेक्काबाट प्राप्त भएको रकम ।

(ट) जिल्ला विकास समितिको पुरानो मालसामान लिलाम बिक्री गरी उठेको रकम ।

(ठ) प्रचलित नेपाल कानून बमोजिम जिल्ला विकास समतिले उठाएको कर वा प्राप्त गरेको अरू कुनै रकम ।

(३) जिल्ला विकास समितिको कोष सचिवको जिम्मा रहनेछ र निजले जिल्ला विकास समितिको निर्णय कार्यान्वयन गर्नकालागि तोकिए बमोजिम खर्च गर्नेछ ।

१३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. जिल्ला विकास समितिको सम्पत्ति: जिल्ला विकास समितिको कोषबाट बनेको वा खरिद भएको वा थुपारिएको वा जिल्ला विकास समितिलाई श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले हक छाडिदिएको सबै सम्पत्ति र कुनै व्यक्ति विशेषको निजी हक अधिकार नभएको र श्री ५ को सरकारको नियन्त्रणमा नरहेको शहरी क्षेत्र भन्दा बाहिरको सडक जिल्ला विकास समितिको सम्पत्ति हुनेछ र जिल्ला विकास समितिले सो सम्पत्तिको रेखदेख र प्रबन्ध गर्नेछ।

तर यस दफा बमोजिम अचल सम्पत्ति जिल्ला विकास समितिले श्री ५ को सरकारको स्वीकृति विना बेच बिखन गर्न वा अरू कुनै व्यहोराले आफ्नो हक छाडी दिन पाउने छैन। स्वीकृति बिना बेच बिखन गरेमा वा हक छाडी दिएमा उजूर परेका बखत जुनसुकै अवस्थामा बदर हुनेछ।

१८. जिल्ला विकास समितिले लगाउन पाउने कर, दस्तूर, फि इत्यादि : जिल्ला विकास समितिले देहाय बमोजिम कर, दस्तूर, फि, भाडा वा ठेक्काको व्यवस्था गर्न सक्नेछ:–

(क) जिल्ला विकास समितिले आफ्नो इलाका भित्र आफूले बनाएको वा आफ्नो नियन्त्रणमा रहेको बाटो, पुल, पोखरी वा घाट चलन चल्ती गर्ने व्यक्ति वा सवारी उपर तोकिए बमोजिम दस्तूर लगाउन सक्नेछ।

(ख) जिल्ला विकास समितिले आफ्नो जिल्ला अन्तरगत पर्ने शहरी क्षेत्र भन्दा बाहिरका घरको आकार प्रकार हेरी प्रत्येक घरमा वार्षिक दश रूपैयाँमा नबढाई तोकिए बमोजिम कर लगाउन सक्नेछ।

(ग) जिल्ला विकास समितिले आफ्नो वा आफ्नो जिम्मा रहेको पुस्तकालय, चिकित्सालय, धर्मशाला, पाटी पौवा, डाक बंगला इत्यादि उपयोग गर्ने व्यक्तिबाट तोकिए बमोजिम फि वा भाडा असूल गरी लिन सक्नेछ।

(घ) जिल्ला विकास समितिले जिल्ला भरिको गैंडा, हात्ती बाहेक विभिन्न जन्तु जनावरको सिपी, हाड, दाँत, खूर, सिङ्ग, प्वाख, एकठ्ठा गर्न वा बिक्री गर्न ठेक्का दिन सक्नेछ।

(ङ) जिल्ला विकास समितिले आफ्नो कोषबाट सहायता गरी खनिएको कूलो, पैनीबाट खेतहरूमा सिंचाई भएको पानीमा सरकारी दरमा नबढाई पोत लगाउन सक्नेछ र आफ्नो क्षेत्रको पानी घट्टाको उपयोग गर्ने व्यक्तिबाट तोकिए बमोजिम दस्तूर असूल गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) जिल्ला विकास समितिले जिल्ला भित्र श्री ५ को सरकारद्वारा ठेक्का लगाइएको जल बाहेक अरू डुङ्गा वा तुइन लाग्ने नदी घाटको ठेक्काको व्यवस्था गर्न र माछा आदि जल जन्तु, मुढा, दहत्तर बहत्तर समेतको ठेक्का लगाउन सक्नेछ ।

(छ) दुई वा बढी जिल्लाहरूको माँझ पर्ने पुल वा नदी घाटमा दस्तूर लगाउँदा वा त्यस्तो नदीको माछा आदि जल जन्तु, मुढा, दहत्तर बहत्तर समेतको ठेक्का लगाउँदा सम्बन्धित जिल्ला विकास समितिहरूको संयुक्त समिति खडा गरी सो समितिको निर्णयानुसार यस ऐन बमोजिमको दस्तूर लगाउनु वा ठेक्काको व्यवस्था गर्नु पर्नेछ ।

(ज) जिल्ला विकास समितिले लगाएको कर, दस्तूर, फि, भाडा वा ठेक्काको रकम जिल्ला विकास समितिले तोकिए बमोजिम असूल उपर गर्नेछ ।

(झ) अन्य प्रचलित नेपाल कानूनले अधिकार दिएको कर, दस्तूर, इत्यादि उठाउन सक्नेछ ।

१९. ऐन, नियम विपरित कर, दस्तूर, फि वा भाडा लिन नपाइने: जिल्ला विकास समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू विपरित कुनै पनि प्रकारको कर, दस्तूर, फि वा भाडा उठाउन पाउने छैन र उठाएमा श्री ५ को सरकारले सो कार्यलाई रोक्न र त्यसरी उठाएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता बुझाउन आदेश दिन सक्नेछ ।

२०. कर्जा सापटी लिने र दिने अधिकारः (१) जिल्ला विकास समितिले आफ्नो सम्पत्ति धितो राखी वा नराखि सापटी कर्जा लिन सक्नेछ ।

तर जिल्ला विकास समितिले त्यसरी कर्जा लिनु परेमा वा कुनै सम्पत्ति धितो राख्न परेमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) जिल्ला विकास समितिले आफ्नो कोषको रूपैयाँ मध्ये पचास प्रतिशत रकम लगानी गर्न सक्नेछ र त्यसरी लगानी गर्नु परेमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद–७

## बजेट र लेखा परीक्षण

२१. बजेटः जिल्ला विकास समितिले प्रत्येक आर्थिक वर्षको आय र व्ययको विवरण (बजेट) तयार गरी स्वीकृतिको निमित्त श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ र श्री ५ को सरकारबाट स्वीकृत बजेट बमोजिम खर्च गर्नु पर्नेछ ।



१३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. लेखा र लेखा परीक्षणः (१) जिल्ला विकास समितिले आफ्नो आय व्ययको लेखा प्रचलित नेपाल कानून बमोजिम राख्नु पर्नेछ ।

(२) जिल्ला विकास समितिको आय व्ययको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

(३) जिल्ला विकास समितिको आय व्ययको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट वा महालेखा परीक्षकले तोकी दिएको व्यक्तिबाट हुनेछ ।

## परिच्छेद–८

## श्री ५ को सरकारको विशेष अधिकार

२३. निरीक्षण गर्ने तथा निर्देशन दिनेः जिल्ला विकास समितिको काम कारवाहीमा श्री ५ को सरकारले आवश्यकतानुसार निरीक्षण गर्न तथा जिल्ला विकास समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु जिल्ला विकास समितिको कर्तव्य हुनेछ ।

२४. भङ्ग गर्न सकिनेः कुनै जिल्ला विकास समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम गर्नु पर्ने काम, कर्तव्य पालन नगरेमा श्री ५ को सरकारले सो जिल्ला विकास समितिलाई भङ्ग गरी अर्को जिल्ला विकास समिति गठन गर्न सक्नेछ।

## परिच्छेद–९

## दण्ड सजाय

२५. यो ऐन वा यस ऐन अन्तर्गतको नियम, विनियम वा आदेश बर्खिलाप काम गरेमा हुने दण्ड सजायः कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा आदेश बर्खिलाप गरी कुनै काम कारवाही गरेमा जिल्ला विकास समितिले पाँचसय रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र अटेर गरी सोही अपराध फेरि गरेमा पटकैपिच्छे अघि भएको जरिवानामा थप पचास रूपैयाँ सम्म जरिवाना हुनेछ ।

२६. जिल्ला विकास समितिको सम्पत्ति हटाएमा वा हेरफेर वा हिनामिना गरेमा वा नोक्सान गरेमा हुने दण्ड सजायः कसैले जानी जानी वा लापर्वाहीले जिल्ला विकास समितिको आफ्नो र आफ्नो जिम्मामा रहेको चल अचल सम्पत्तिलाई कानूनले अनुमति दिन पाउने व्यक्तिको इजाजत नलिई हटाएमा, हेरफेर वा हिनामिना गरेमा वा नोक्सान गरेमा वा गर्न लगाएमा जिल्ला विकास समितिले भएको हानी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोक्सानी समेत सो व्यक्तिबाट असूल उपर गरी लिन वा उसैलाई साविक बमोजिम तयार गर्न लगाउन सक्नेछ र पाँचसय रूपैयाँसम्म जरिवाना समेत गर्न सक्नेछ ।

२७. जिल्ला विकास समितिको सम्पत्ति नोक्सान वा दुरूपयोग गरेमा सदस्य र कर्मचारीको जवाफदेही: जिल्ला विकास समितिका सदस्य वा कर्मचारीले आफ्नो जिम्मा रहेका सम्पत्ति लापरवाहीले नोक्सान वा दुरूपयोग गरेमा जसले नोक्सान वा दुरूपयोग गरेको छ उसले नै जवाफदेही हुनु पर्छ । नोक्सानी असूल उपर गर्न नसकेमा जिल्ला विकास समितिले सो नोक्सानीको हरजाना असूल उपर गर्नको लागि स्थानीय मालपोत कार्यालयलाई लेखी पठाउनेछ ।

२८. दण्ड जरिवाना असूल उपर गर्न नसकेमा गर्ने: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा आदेश बमोजिमको दण्ड जरिवाना जिल्ला विकास समितिले कुनै व्यक्तिबाट असूल उपर गर्न नसकेमा स्थानीय मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएमा मालपोत कार्यालयले पनि सरकारी बाँकी सरह असूल उपर गरी जिल्ला विकास समितिलाई बुझाई दिनु पर्नेछ ।

## परिच्छेद–१०
## विविध

२९. अधिकार सुम्पन सक्ने: श्री ५ को सरकारले यो ऐन बमोजिम आफूलाई प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकारी वा निकायले तोकिएको शर्त बन्देजको अधीनमा रही प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

३०. स्थानीय प्रशासन वा प्रहरीले सहयोग गर्नु पर्ने: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम जिल्ला विकास समिति वा अरू कुनै अधिकारीले दिएको कुनै आदेश वा गरेको निर्णयको बर्खिलाप हुने कुनै काम कुरा हुन लागेको थाहा भएमा त्यस्तो काम कुरा गर्ने व्यक्ति उपर कारवाही चलाउन जिल्ला विकास समितिसंग सम्पर्क राखी आवश्यक सहयोग गर्नु स्थानीय प्रशासन वा प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

३१. श्री ५ को सरकारसंग सम्पर्क: जिल्ला विकास समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३२. नियम बनाउने: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यकतानुसार नियमहरू बनाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. विनियम बनाउनेः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही जिल्ला विकास समितिले विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम श्री ५ को सरकारबाट स्वीकृत भए पछि लागू हुनेछ ।

३४. बाधा अड्काउ फुकाउनेः यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ ।

३५. बचाउः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको जति कुरामा सोही बमोजिम हुनेछ ।

३६. सम्पत्ति र दायित्व सर्नेः जिल्ला विकास समिति कायम नरहेपछि जिल्ला विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व श्री ५ को सरकारमा सर्नेछ ।

लालमोहर सदर मितिः– २०४७।२।२८।२

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।